


# समुत्थान

## महिला आर्थिक सशक्तिकरणका लागि उत्थानशील उद्यम प्रणाली

### पृष्ठभूमि

महिलाहरूको आर्थिक सशक्तिकरणका लागि उत्थानशील उद्यम प्रणाली परियोजना सहभागितात्मक कार्यमूलक अनुसन्धानमा आधारित २.५ वर्ष अवधिको परियोजना हो । यो परियोजनालाई क्यानडाको अन्तर्राष्ट्रिय विकास तथा अनुसन्धान केन्द्र (छोटकरीमा IDRC) नामक संस्थाले आर्थिक सहयोग गरेको छ । यो परियोजनामा साउथ एशिया इन्स्टिच्युट अफ एडभान्स्ड स्टडिज् (छोटकरीमा SIAS) तथा साझेदार संस्थाहरू: आरिया सोलुसन्स्, निम्स् कलेज तथा हिमालयन बायो ट्रेड प्राइभेट लिमिटेड रहेका छन् ।

यस परियोजनाको पृष्ठभूमिमा कोभिड १९ तथा जलवायु परिवर्तन प्रमुख रुपमा रहेका छन् । कोभिड १९ ले आम मानिसको सामाजिक तथा आर्थिक जनजीवनमा प्रतिकूल प्रभाव पारेको छ भने जलवायु परिवर्तनले कृषि तथा वनजन्य उत्पादन, महिलाका घरायसी तथा घर बाहिरका काममा नकारात्मक प्रभाव पारेको छ । महिलाको स्वामित्व रहेका वा नेतृत्व भएका कृषि र वन उद्यमहरू नेपालमा ज्यादै न्यून संख्यामा छन् । मूल्य श्रृंखलाको उत्पादन तहमा उनीहरूको सहभागिता उल्लेख्य रहेपनि माथिल्ला तहहरूमा उनीहरूको भूमिका ज्यादै कम भएको पाइन्छ । जलवायु परिवर्तनले उनीहरूका आर्थिक क्रियाकलापहरूमा थप प्रभाव पारेको कुरा विभिन्न अनुसन्धानहरूले देखाएका छन् । कोभिड १९ को विश्वव्यापी महामारीसंगै नेपालमा समेत त्यसको प्रभाव महिला उद्यमीहरूमा थप विकराल देखिन्छ ।

राजनैतिक दृष्टिले हेर्दा महिला समावेशीकरणको सवालले राष्ट्रिय विमर्शमा उल्लेख्य स्थान प्राप्त गरेको भएपनि कृषि तथा वनजन्य उद्यमहरूमा महिलाहरूको सहभागिता अभिबृद्धि गर्ने, ती उद्यममा उनीहरूको नेतृत्व स्थापित गर्ने र त्यसमार्फत उनीहरूको आर्थिक सशक्तिकरण गर्ने कुरा धेरै पछि परेको छ । थुप्रै अध्ययन र कार्यक्रमहरूले महिला सशक्तिकरणका केही पाटोमा केन्द्रित भइ कार्य गरेपनि त्यसको प्रभाव महिलाहरूको सशक्तिकरणमा कमै मात्र परेको देखिन्छ । महिला सशक्तिकरणका क्षेत्रमा उनीहरूको आन्तरिक क्षमता अभिबृद्धि गर्नुपर्ने कुरासंगै उनीहरू माथिको सामाजिक, सांस्कृतिक, राजनैतिक र आर्थिक विभेद एवं संरचनागत अवरोधलाई नहटाई महिला सशक्तिकरणको अभियान सफल हुन सक्दैन । यस परिवेशमा कसरी महिला-सम्मिलित र अझ महिला नेतृत्व प्राप्त कृषि र वनजन्य उद्यमहरूको प्रवर्धन गरी महिलाको समग्र आर्थिक सशक्तिकरण एवं सवलीकरणमा योगदान गर्न सकिन्छ भन्ने मूल सवालमाथि यो अध्ययन-अनुसन्धान केन्द्रित छ ।

### अनुसन्धानका उद्देश्यहरू

जलवायु परिवर्तन र कोभिड १९ जस्ता महामारीको प्रकोपको नकारात्मक असरबाट बाहिर निस्कन सक्ने उत्थानशीलता सहितको महिलाको स्वामित्व वा नेतृत्व प्रदान गर्ने उद्यमहरूको विकासमा कस्तो खालको समग्र अनुकूल वातावरण (Ecosystem of Support) चाहिन्छ भन्ने खोजी गर्नु यो अनुसन्धानको मुख्य उद्देश्य रहेको छ । यसका निर्दिष्ट उद्देश्यहरू निम्न छन्:

१. नेपालको कृषि तथा वन उद्यमको विकासको सन्दर्भमा मूल्य श्रृंखलाका विभिन्न तहमा लैगिंक अवरोधहरूको अवस्था पहिचान गर्नु,

२. महिला संलग्न उद्यमहरूलाई उत्थानशील बनाउन विविध संरचनाहरूको परीक्षण गरी उद्यम सहजीकरण प्रणाली विकासमा सहयोग गर्नु (यस भित्र वस्तुको उत्पादन बृद्धि, मूल्य अभिबृद्धि तथा ब्रान्डिङ, बजार तथा वित्तमा पहुंच बढाउने कार्यहरू पर्नेछन्),

३. सार्वजनिक नीति, कानुन, नियम र निर्णय प्रक्रियामा महिला किसान तथा महिला उद्यमीहरूको भूमिका र हस्तक्षेप बढाउन उनीहरूको क्षमता अभिबृद्धि गर्नु, र

४. अनुसन्धानबाट प्राप्त ज्ञानको निष्कर्षलाई नीति तथा अभ्यासमा पृष्ठपोषण गर्न आवश्यक सामग्री निर्माण र प्रचार प्रसार गर्नु ।

## अनुसन्धानको प्रारुप


राष्ट्रिय तथा अन्तर्राष्ट्रिय अभ्यासको सिकाइबाट सुसूचित हुँदै यो अनुसन्धानको सैद्धान्तिक प्रारुप तयार गरिएको छ । यो प्रारुप तयार गर्दा अन्तर्राष्ट्रिय खाद्य नीति अनुसन्धान केन्द्र र अक्सफामद्वारा सुझाइएका महिलाको आर्थिक सशक्तिकरणका प्रारुपलाई मुख्य आधार बनाइएको छ। यी प्रारुपहरूले महिला संलग्न उद्यम उत्थानशील हुनका लागि सामाजिक, राजनैतिक, वातावरणीय, आर्थिक र प्राविधिक गरी पाँच मुख्य क्षेत्रहरू औंल्याएका छन् (चित्र नं. १ हेर्नुहोस) । यस अध्ययनमा यी पाँचै क्षेत्रहरूको समग्र विश्लेषण गर्दै नीति र अभ्यासहरूमा देखिएका लैंगिक विभेद र अवरोधहरू पहिचान गर्ने र ती अवरोधहरू हटाउँदा सम्बन्धित महिला र सम्बद्ध सवै सरोकारवालाहरू समेतको सहकार्यमा कार्यमूलक अनुसन्धान अघि बढाउने रणनीति लिइएको छ।




चित्र नं. १: अनुसन्धानको उत्थानशीलता प्रारुप

## अनुसन्धान पद्दति तथा रणनीतिहरू

यस परियोजनाले विश्लेषणात्मक तथा सहभागितात्मक कार्यमूलक अनुसन्धान पद्धति अनुसरण गरेको छ। यो अनुसन्धान पद्धतिमा कृषि तथा वनजन्य उत्पादन मूल्य श्रृंखलामा सहभागी महिलाले भोग्नुपरेका लैंगिक अवरोधहरू पहिचान गर्न तथा पहिचान गरिएका अवरोधहरू हटाउनका लागि उद्यम विकास एउटा महत्वपूर्ण कोसेढुङ्गा हुने विश्वास गरिएको छ । यो पद्धति उद्यम विकास सहयोग प्रणालीको समग्र वातावरणको विकासमा सान्दर्भिक रहेको छ (चित्र नं. २ हेर्नुहोस) । महिलाको आर्थिक सशक्तिकरणका लागि गरिने हस्तक्षेपका उपायहरू सुधारात्मक तथा हस्तक्षेपकारि (Assertive) दुबै किसिमका हुनेछन्। यी उपायहरू महिलाले भोग्नुपरेका अवरोध हटाई उत्थानशील उद्यम विकासको वातावरण बनाउनका लागि आवश्यक पर्ने नीतिनिर्माण तथा व्यावहारिक अभ्यासमा सुधार गर्न महत्वपूर्ण हुनेछन् ।




चित्र नं. २: अनुसन्धान पद्दति

यस कार्यमूलक अनुसन्धान प्रक्रियालाई चार कार्य समूहमा वर्गीकरण गरिएको छ :

### १. महिला किसान तथा उद्यमीका लैंगिक बाधा अवरोधहरू पहिचान गर्ने

यसभित्र समस्याको निदानमूलक (Diagnostic) अनुसन्धान तथा विश्लेषण पर्दछन्, जस्तै: आधारभूत अध्ययन, नीति नियम विश्लेषण, मूल्य श्रृंखला विश्लेषण, आदि । यसबाट महिलाको आर्थिक सशक्तिकरणका सन्दर्भमा विद्यमान अवस्था, अवरोध तथा अवसरहरूको पहिचान हुनेछ । कुनैपनि जोखिमको नकारात्मक प्रभाव तथा त्यसलाई झेल्दै, त्योसँग जुद्धै-भिड्दै र त्यसबाट पार पाएर तंग्रिने र उठिहाल्नसक्ने अर्थात् उत्थानशील क्षमता कृषि तथा वन उद्यममा सहभागी महिलाका अनेकथरी सामाजिक-आर्थिक प्रबन्धहरू (जस्तै: उमेर, जाति-पाति, आर्थिक अवस्था, आदि) का आधारमा फरक-फरक हुन्छ । तसर्थ सो फरकपनलाई मापन गर्ने गरी आवश्यक पद्दति (Intersectional Approach) अवलम्वन गरिएको छ ।

### २. उद्यम विकासमा प्रविधि तथा संस्थागत परीक्षण गरिने

यस अन्तर्गत उद्यम विकास सहयोग प्रणालीको परिक्षण गरिनेछ। यस अन्तर्गत व्यवसाय सूचना प्रणालीको विकास, वस्तुको ब्रान्डिङ, इ–कमर्सका प्ल्याटफर्म मार्फत महिला किसान तथा उद्यमीहरूको वित्तीय उपकरणमा सहज पहुँचका साथै उत्पादन सामग्री, उत्पादन, मूल्य अभिबृद्धि तथा व्यापारमा बृद्धि आदि पर्दछन् ।


### ३. महिलाको आवाज र संस्थागत संजाल बढाउन क्षमता विकास

यस अन्तर्गत महिलाको डिजिटल (Digital) तथा वित्तीय साक्षरता बढाउने, व्यवसाय सञ्चालनका तौर-तरीका तथा जलवायु अनुकूल प्रविधिको उपयोग गर्नेजस्ता कार्यहरू पर्दछन् । यसका साथै, महिला उद्यमीहरूलाई स्थानीय सरकार, सहकारी तथा सञ्जालहरू लगायतका सामूहिक निर्णय प्रक्रियामा सहभागी गराउन उत्प्रेरित गर्ने, उनीहरूको राजनैतिक र आर्थिक पहुँच बढाउन आवश्यक पैरवी गर्ने र उनीहरूलाई संगठित गर्ने र परिचालन गर्ने काम समेत पर्दछन् । यसै गरी उत्पादन तथा उद्यमको नेतृत्व गरिरहेका महिलाहरूलाई रोल मोडेलका रुपमा विकास गरिनेछ ।

## ४. ज्ञानको प्रसार तथा नीति तहमा पृष्ठपोषण

जर्नल लेख, संक्षिप्त नीति लेख, संचार माध्यमहरूमा आलेख, ब्लग तथा भ्लगजस्ता माध्यम मार्फत कार्यमूलक अनुसन्धानका नतीजा तथा निष्कर्षहरूलाई यस परियोजनाबाट प्राप्त ज्ञानका रुपमा प्रचार-प्रसार गरिनेछ । यसबाट उद्यम विकास सहयोग प्रणालीलाई नीतिगत तहमा पृष्ठपोषण गर्न तथा व्यापक बनाउन मद्दत पुग्नेछ ।

## कार्यक्षेत्र




चित्र नं. ३: अध्ययन क्षेत्र झल्काउने नक्सा

यस अनुसन्धान परियोजनाले हिमाली, मध्य–पहाडि तथा तराईका भू-भाग तथा वस्तुको किसिम समेटेर दुइवटा आर्थिक करिडोरहरूलाई समेटेको छ (चित्र नं. ३ हेर्नुहोस्) । दोलखा–रामेछाप करिडोरले धसिंगरे (Wintergreen) र गेडागुडीलाई समेटेको छ भने अर्घाखांची–रुपन्देही करिडोरले ताजा तरकारी समेटेको छ (तालिका नं. १ हेर्नुहोस्) ।

**तालिका नं. १: कार्यक्षेत्रबारे छोटकरी विवरण**

| जिल्ला | अध्ययन क्षेत्र | लक्षित समूह | लक्षित लाभान्वितको संख्या | कार्यक्रमका क्षेत्रहरू |
|---|---|---|---|---|
| रामेछाप | रामेछाप नगरपालिका | गेडागुडी उत्पादनमा संलग्न महिला तथा उनीहरू आबद्ध सहकारी | गेडागुडी सहकारीमा आबद्ध ४००–५०० महिला | बजार पहुँच, डिजिटल प्रविधि तथा वित्तको पहुँच, सहकारी व्यवस्थापन |
| अर्घाखांची | सन्धिखर्क नगरपालिका, मालारानी गाउँपालिका | तरकारी उत्पादन गर्ने महिला सहकारी तथा समूह | तरकारी उत्पादन गर्ने ४००–५०० महिला | बजार पहुँच बढाउने, डिजिटल प्रविधि तथा सूचना प्रणाली स्थापना |
| दोलखा | भीमेश्वर नगरपालिका (बोच र लांकुरीडांडा) गौरीशंकर गाउँपालिका (झ्याँकु) | धसिंगरे संकलनमा संलग्न महिला तथा पुरुष | धसिंगरे संकलन गर्ने २००–३०० महिला | धसिंगरे प्रतिरोपण सम्बन्धि प्रविधि (Propagation Techniques) को प्रयोगात्मक परीक्षण, जलवायु-मैत्री धसिंगरे प्रशोधन (Distillation) प्रविधिको प्रयोग, निर्णय तहमा महिलाको भूमिका |

## अपेक्षित उपलब्धिहरू

१. डिजिटल र वित्त प्रविधिको प्रयोगबाट कृषि तथा वन उद्यमहरूमा संलग्न महिला उद्यमीहरूको व्यवसायमा बृद्धि भई उनीहरूको निर्णय क्षमता, आर्थिक हैसियत र जोखिम वहन क्षमता बढेको हुनेछ ।

२. स्थानीय, क्षेत्रीय तथा अन्तर्राष्ट्रिय बजारमा पहुँच बृद्धि भई महिला संलग्न उद्यमहरूको मुनाफा तथा मूल्य बढेको हुनेछ ।

३. परियोजनाका समग्र कार्यक्रमहरू उत्पादन अभिबृद्धिका लागि उपयुक्त वातावरण, मूल्य अभिबृद्धि तथा ब्रान्डिङ, प्रविधि सहयोग, बजार तथा वित्तीय संस्थासँगको सहकार्यबाट महिलाको सहभागिता रहेका कृषि तथा वन उद्यमहरूको उत्थानशीलता सम्बन्धी क्षमता बृद्धि भएको हुनेछ ।

४. परियोजना क्षेत्रस्थित स्थानीय सरकारहरूबाट जलवायुमैत्री तथा लैगिंक संवेदनशिल उद्यमशीलता विकास तथा महिलाको आर्थिक सशक्तिकरणका क्रियाकलापहरूमा योगदान बृद्धि भएको हुनेछ ।

५. महिलाको राजनैतिक पहुँच तथा आवाज सार्वजनिक नीति, नियम-कानुन तथा निर्णयहरूको प्रक्रिया र कृषिजन्य मूल्य–श्रृंखलाका उच्च तहहरूमा बढेको हुनेछ ।

६. परियोजना क्षेत्रका महिला-सहभागी सहकारीहरू तथा महिला-संलग्न उद्यमहरूको सुशासनमा सुधार भएको हुनेछ ।

७. स्थानीय सरकारले आफ्ना नीति तथा कार्यक्रमहरूमा अनुसन्धानबाट प्राप्त नतीजाहरूलाई आत्मसात् गर्ने क्रम बढेको हुनेछ ।





©Dipika Das/SIAS



©Dr. Meeta Sainju Pradhan/SIAS

**Southasia Institute of Advanced Studies**
PO BOX 23499, NK Singh Marg-306,
Min Bhawan, Kathmandu
Phone : +977-1-4469801
Email: sias-info@sias-southasia.org
Website : www.sias-southasia.org